# गोलन्जोर गाउँपालिकाको
# आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम

गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार सिन्धुली

२०८१

# गोलन्जोर गाउँपालिकाको

## आ.ब. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

श्री गाउँसभाका सबै सदस्यज्यू हरु, सभाका सचिवज्यू, कर्मचारी मित्रहरु, पत्रकार साथीहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु।

यस गरिमामय सभा मार्फत राष्ट्र, राष्ट्रियता ,जन-आन्दोलन एबं सामाजिक परिवर्तनका आन्दोलनहरुका क्रममा आफ्नो जीवन उत्सर्ग गर्न हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु साथै घाइते, अपाङ्ग तथा बेपत्ता परिवारजनको योगदान प्रति सम्मान प्रकट गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको नँया संविधानले **जनताले भेट्न सक्ने, महशुस गर्न सक्ने** अर्थात सबैभन्दा नजिकको सरकारको परिकल्पना गरे अनुरुप स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु दोस्रो कार्यकालको दोस्रो वर्ष पूरा गरि तेस्रो वर्षमा प्रवेश गरेका छौं । विगतका वर्षहरुझै यस सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।यस **वार्षिक नीति तथा कार्यक्रम तर्जुमा** क्रममा गाउँपालिकालाई महत्वपूर्ण तथा रचनात्मक सल्लाह दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरु लाई हार्दिक आभार व्यक्त गर्दछु।

भौगोलिक विकटता प्रमुख समस्या रहेको यस गोलन्जोर गाउँपालिकाका उत्पादनका हिसावले अत्यन्तै सम्भावना बोकेको गाउँपालिका हो। नेपालको मौलिक फल जुनारको मुख्य उत्पादन क्षेत्र रहनुको साथै तरकारी तथा पशुपालनको क्षेत्रमा उत्तिकै सम्भावना बोकेको यस गाउँपालिका संग थुप्रै अवसर र चुनौती रहेका छन । विद्यमान चुनौतीहरुलाई व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक , सामाजिक, साँस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसाथ गर्दै समृद्धीको बाटोमा निरन्तर रुपमा अघि बढ्न यस गाउँपालिका दृढ रहनुका साथै सिमित स्रोत र साधनबाट स्थानीय सरकार संग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समयसापेक्ष पूरा गर्न तथा समृद्ध गाउँपालिकाको निर्माण गर्न हाम्रो सामु चुनौती रहेको छ तथापि संघ र प्रदेश सरकार, गैर सरकारी संस्था, विकास साझेदार संस्था, विभिन्न दातृ निकायहरुको सहकार्यमा अघि बढ्न गोलन्जोर गाउँपालिका सदैव प्रतिबद्ध रहेको छ।

बिगतका केही समयमा भएका राजनीतिक परिघटना र त्रीपक्षिय शक्ति असन्तुलनका वावजुद समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको चाहाना र निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्न संविधानले प्रदत्त गरेको क्षेत्राधिकारलाई प्रयोग गरि बलियो स्थानीय सरकारको रुपमा स्थानान्तरण गर्ने प्रक्रियालाई सावधानीपूर्वक रुपमा अघि बढाउदै हामी हाम्रो लक्ष्य अनुरुप काम गर्दैछौं।

विद्यमान परिस्थितिमा पनि जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको यस स्थानीय सरकार जनआकांक्षा अनुसार गाउँपालिकाको विकास निर्माण, सुशासन, शान्ति, समुन्नत र सम्मानको लागि विगतका समयहरुमा समर्पित रहेको स्मरण गराऊदै आगामी दिनहरुमा पनि जनताको घरदैलोमा पुगी जनताको सेवामा सदैव समर्पित रहने विश्वास समेत दिलाउन चाहन्छु ।आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामिले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकोले यो नीति तथा कार्यक्रम त्यसै तर्फ केन्द्रित छ। जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क राख्ने वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा वृद्धि, उच्चतम प्रविधि तथा प्रणालीको प्रयोग गर्ने जस्ता नीति तथा कार्यक्रमहरु अवलम्वन गरिएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, भौतिक पूर्वाधार, सामाजिक विकास, विपद

व्यवस्थापन, खानेपानी तथा सरसफाइ, राजश्व चुहावट नियन्त्रण तथा सुचना प्रविधिको उच्चतम प्रयोग गर्ने जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा वार्षिक कार्यक्रम तय गरेको छु।

**आदरणीय गाउँसभाका सदस्यज्यू,**

अब म गोलन्जोर गाउँपालिकाको आ.व.२०८०/०८१मा लिएका नीति तथा कार्यक्रमहरुको उपलब्धीहरुको यस सभामा संक्षिप्तमा समीक्षा गर्न चाहन्छु ।

- गत आ.व.२०८०/०८१ मा गाउँपालिकाको प्रशासकीय भवनको टेण्डर प्रक्रिया पूरा गरी द्रुत गतिमा निर्माण कार्य जारी रहेको छ।
- निर्माणाधीन कृषि तथा पशुपंक्षी भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- गत आ.व. मा जग्गा नापजाँचको काम सकिएको गाउँपालिका स्तरीय अस्पतालको १८ महिनामा सम्पन्न गर्ने गरी निर्माण कार्य शुरु गरिएको छ।
- सुनकोसी मरिण डाइभर्सनबाट हुने प्रभावलाई न्यूनीकरण गर्न गाउँपालिकाको पहलमा गाउँपालिकाका केहि वडाहरुमा सिँचाई तथा खानेपानी का लागि डि.पि.आर.को काम यसै वर्ष बाट शुरु भएको छ।
- **"गाउँपलिकाभित्र, सबै जनता स्वस्थ"**भन्ने नाराको साथ निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम मार्फत गाउँपालिकाका गरिब, अति विपन्न, एकल महिला, परिवारलाई निः शुल्क स्वास्थ्य वीमा गरिएको छ।
- कृषकका उत्पादन लाई बजारीकरण गर्ने उद्वेश्यले गाउँपालिका भित्रका २ वटा कृषि सहकारी लाई कृषि एम्बुलेन्स उपलब्ध गराइएको छ।
- **"किसानको हात -गाँउपालिकाको साथ"** भन्ने मुल नाराका साथ कृषिमा आत्मनिर्भर बन्नको लागि कृषकहरुलाई मिनि टिलर, स्प्रेयर, उन्नत जातको विउ विजन वितरण गर्ने कार्यक्रम संचालन गरिएका छन।
- गोलन्जोर गाउँपालिकाको विभिन्न वडाहरुमा स्वास्थ्य शिविर मार्फत नागरिकहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईएको छ।
- सुत्केरी हुने महिलाहरुलाई गाउँपालिका भित्रका स्वास्थ्य चौकी वा अस्पताल सम्म आउन र फर्कन निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ।
- गाउँपालिकाका कृषि र पशु प्राविधिक तथा स्वास्थ्यकर्मीले कम्तिमा महिनामा १ पटक प्रत्येक जनताको घरमा गई जनसेवा गरेको रेकर्ड राखी सो को प्रतिवेदन कार्यालयमा पेश गर्ने गरी सेवाग्राही डायरीको विकास गरिएको छ।
- स्वास्थ्य शिवीर मार्फत जनताको स्वास्थ्य परिक्षण गर्नुको साथै आखा शिविर मुटु शिविर जनरल शिविर र पाठेघरको स्क्रिनिङ्ग शिवीर संचालन भएको छ।
- बाल विवाह न्युनीकरणका लागि विभिन्न गतिविधि सहित विवाह गर्न अनिवार्य वडाको सिफारिस लिनुपर्ने कार्यको शुरुवात गरेको छ यस कार्यले पक्कै पनि बाल विवाह न्युनिकरणमा सहयोग पुगेको छ।
- चालु आ.व. मा बजेट सुनिश्चितता भएका योजनाहरुको हाल सम्म प्रगति करिब ९० प्रतिशत माथि रहेको र सबै काम निर्धारीत समयमा सम्पन्न हुने विश्वास गरिएको छ ।
- अनलाइन राजश्व प्रणाली कार्यान्वयनमा ल्याइएको छ साथै योजना व्यवस्थापन प्रणाली समेत कार्यान्वयनमा छ।

**आदरणीय सभाका सदस्यज्यू,**

अव म गोलन्जोर गाउँपालिकाले आ.ब.२०८१/०८२ को नीति तथा बार्षिक कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु।

- ❖ नेपालको संविधान
- ❖ स्थानीय सरकार संचालन ऐन २०७४
- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- ❖ संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- ❖ प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- ❖ अन्तर सरकारी वित्त हस्तातन्तरण ऐन २०७४
- ❖ स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन २०७४
- ❖ विगतका आर्थिक वर्षहरुको कार्यअनुभव

**आदरणीय सभाका सदस्यज्यू,**

हामी सँग प्राप्त सिमित स्रोत र साधनको अधिकतम उपयोग गरी थप उर्जा सहित बाँकी कार्यकालको साझा दस्तावेदको शुरुवातको रुपमा यो नीति तथा कार्यक्रमले काम गर्नेछ भन्ने विश्वासका साथ गोलन्जोर वासी नागरीकले गर्नुभएको विश्वासलाई आत्मासाथ गर्दै जनताको सबभन्दा नजिकको सरकारको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम निम्न विषयहरुको प्राथमिकता साथ बनाउने प्रयत्न गर्दै यहाँहरुको बिचमा प्रस्तुत गरेको छु ।

- ❖ गोलन्जोर गाउँपालिकामा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी सहयोगी संस्थाहरुको लागि लगानी मैत्री वातावरणको सिर्जना गरी साझेदारीमा गरिने कार्यलाई थप प्राथमिकता दिइनेछ ।
- ❖ विद्यालय शिक्षामा सुधार गर्न र विद्यार्थी भर्नामा बृद्धि गर्न विद्यालयमा अभिभावकलाई समेत जिम्मेवार बनाउदै शिक्षामा गुणस्तर कायम गर्न र प्रतिस्पर्धी बनाउन आवश्यक कार्यक्रम ल्याइनेछ ।
- ❖ कृषिलाई व्यवसायिकरण, आधुनिकिकरण र बजारीकरण गर्दै तरकारी तथा फलफुल उत्पादनलाई विशेष प्राथमिकता राखिनेछ साथै गोलन्जोर गाउँपालिका क्षेत्र भित्र व्यवसायिक रुपमा खेति गर्न सकीने थप फलफुल तथा तरकारी र अन्य नगदे बालिहरुको अध्ययन गरिनेछ ।
- ❖ जनताको स्वस्थ खानेपानी प्राप्त गर्न अधिकारलाई सुनिश्चित गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्यलाई मुख्य प्राथमिकतामा राखिनेछ र तोकीएको समयमा नै निर्माण कार्य सम्पन्न गरिनेछ ।
- ❖ गाउँपालिका भित्र सबै जनता स्वस्थ भन्ने नाराका साथ शुरु गरीएको स्वास्थ्य विमा कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

- ❖ बालमैत्री स्थानीयतह निर्माणको क्रमलाई विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा अगाडी बढाइनेछ ।
- ❖ गोलन्जोर गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाउने कार्यलाई थप सुदृढ गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा लगिनेछ ।जनताले समयमानै सेवा प्राप्त गर्ने वातावरण निर्माण गरी जनमुखी प्रशासन निर्माणमा जोड दिइनेछ ।
- ❖ स्वस्थ जिवनका लागि खेलकुद भन्ने मुल नाराका साथ खेलकुद संरचना निर्माण गर्नुका साथै खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- ❖ जोखिममा रहेका समुदाय तथा नागरिकहरुको सुरक्षाको लागि आवश्यक कार्यक्रम निर्माण गरी उनीहरुको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याइनेछ ।
- ❖ गाउँपालिका भित्र रहेका पर्यटकिय क्षेत्रहरुको पहिचान गरी कृषि, धार्मिक,सास्कृतिक र पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र संबर्द्धन गर्ने कार्यको शुरुवात गरिनेछ ।

**आदरणीय सभाका सदस्यज्यू,**

स्रोत र साधनको सिमितताको कारण जनताको सबै विकासका अपेक्षाहरु एकै पटक पुरा गर्न कठिन छ। यसर्थ आवश्यक्ताको प्राथमिकता, संभाव्यता र औचित्यताको साथसाथै बजेटको सिमितताका बिच बाट विकासको बाटो पहिल्याउने मुल उद्देश्यले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। गाउँपालिकाले अवलम्बन गर्नुपर्ने दिर्घकालिन लक्ष्य र योजनाको भावनालाई आत्मासाथ गर्दै अव म यस गरिमामय गाउँसभामा क्षेत्रगत रुपमा आ व २०८१।०८२ को गोलन्जोर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक विकासः-**

➢ <u>**कृषि विकास तथा पशु सेवा**</u>

- **"एक वडा एक उत्पादन"** कलष्टर खेतीलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिनेछ।
- बेमौसमी तरकारी उत्पादन का लागि आवश्यक पलाष्टीक टनेल तथा अन्य औजार, उपकरणहरु वितरण गरिनेछ।
- व्यवसायिक कृषकहरुका लागि उनिहरुको लागत सहभागितामा कृषि यन्त्र तथा उपकरणको सहयोग गरिनेछ।
- ठाउँ तथा हावापानी अनुसारको फलफूलका बोटविरुवा लगाउने कार्यक्रम ल्याइनेछ।
- गरिब तथा विपन्न परिवारहरु पहिचान गरि तरकारी खेति गर्न अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।
- उत्पादनमा आधारित अनुदान दिने गरि कृषी तथा पशुपालन क्षेत्रमा दिईदै आएको अनुदान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पालिका स्तरीय एक आधुनिक कृषि नर्सरी स्थापना गरी फलफूल तथा तरकारीको विउ- विरुवा उत्पादन तथा विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- रैथाने वाली लाई संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- वेरोजगार यूवा वर्ग लाइ कृषि क्षेत्रमा आकर्षित गराउन विशेष यूवा लक्षित कार्यक्रम संचालन गरिनेछ।
- भकारो सुधार तथा खोर सुधार जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- पोषणयुक्त डालेघाँस तथा भुइघाँस को विउ विजन वितरण गरिनेछ।
- अति विपन्न वर्गका परिवारलाई उन्नत जातका बाख्रा पालन, पशुपालन, कुखुरापालन तथा सुंगुरपालन व्यवसाय गर्न अनुदान उपलब्ध गराईनेछ।

- दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ।
- दुध बाट उत्पादित वस्तुहरु दहि, मोहि, घ्यू, आदिलाइ प्रशोधन, ब्राण्डिङ्ग तथा बजारीकरण गर्न प्रोत्साहन गरिनेछ।
- उन्नत नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई अझै व्यवस्थित गरिँदै लगिनेछ।
- पशुजन्य रोग पहिचानको लागि आवश्यक दक्ष जनशक्ति तथा उपकरण सहितको ल्याव स्थापना गरिनेछ।
- भुस्याहा तथा छाडा कुकुर व्यवस्थापनको लागि कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका भित्रका कृषकका पशु तथा पंक्षिहरुमा आकस्मिक रोग तथा विभिन्न प्रकारका रोग देखा परेमा निःशुल्क उपचार गरिनेछ।
- पशुजन्य रोग पहिचानको लागि आवश्यक दक्ष जनशक्ति तथा उपकरण सहितको ल्याव स्थापना गरिनेछ।
- कृषि र पशुपालनलाई थप व्यवस्थित वनाउनका लागि अनुसन्धान केन्द्र स्थापना गरी संचालन गरिनेछ।
- तल्लो भु-भागमा आटी र माथिल्लो भु-भागमा कफी खेती प्रवर्द्धन कार्यक्रम गरिनेछ।
- फलफुल तथा तरकारीलाई लामो समय सम्म ताजा राख्नका लागि अध्ययन गरी सामुहिक आधुनिक कोल्ड स्टोरहरुको व्यवस्थापन गरिने छ।
- बगैंचा जुनार महोत्सवको आयोजना गरी जुनार फलको थप पहिचान र प्रवर्द्धन गरिनेछ।
- एकिकृत कृषि तथा पशुपालन धुम्ती शिविर संचालन गरिनेछ।
- पशु सेवा शाखामा डिस्पेन्सरी कक्ष संचालन तथा वडा पशु केन्द्रमा पशु औषधीको व्यवस्थापन गरिनेछ।
- एक वडा एक वडा प्राविधिक कार्यक्रमलाई निरन्तर गरिनेछ।
- गोलन्जोर गाउँपालिकालाई मासु, दुध, फलफुल र तरकारीमा आत्मानिर्भर बनाउनको लागि उत्पादनमा प्रोत्साहन कार्यक्रम ल्याइनेछ।
- पशु नश्ल सुधार कार्यक्रम संचालन निरन्तर संचालन गरिनेछ।
- यस गाउँपालिकाको सेवा प्रवाह डायरी-२०८० लाई निरन्तर गरिनेछ।
- महामारी रोगहरु विरुद्धको खोप कार्यक्रम निरन्तर गरिनेछ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- किवि, एभोकाडो र ड्रागनफ्रुट प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

➢ **<u>पर्यटन</u>**

- गाँउपालिका भित्र रहेका ऐतिहासिक धार्मिक स्थल, मठमन्दिर, गुम्बा तथा सांस्कृतिक सम्पदाहरुको पहिचान गरि विशेष कार्यक्रम मार्फत संरक्षण र सम्वर्धन गरिनेछ।
- ऐतिहासिक, साँस्कृतिक, धार्मिक एवंम पुरातात्विक महत्व बोकेको भिमलेश्वर मन्दिर तथा कपुरभुमे जस्ता मन्दिरहरुको संरक्षण तथा पदमार्ग निर्माण गरिने छ।
- गोलन्जोर गाँउपालिका भित्र रहेका विभिन्न जातजाति, धर्म, कला सँस्कृति, भाषा, भेषभुषा आदि को संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- गोलन्जोर गाउँपालिकाको सम्भावित पर्यटकीय स्थानहरुमा पिकनिक स्पट तथा बाल उद्यान निर्माण गरिनेछ।
- संघ,प्रदेश सरकार तथा गैर-सरकारी संस्थाहरुको सहयोग तथा साझेदारीमा पर्यटकीय स्थलहरुमा भौतिक पूर्वाधारहरुः खानेपानी, सोलार बत्ती, शौचालय, निर्माण गर्दै लैजाने व्यवस्था मिलाइनेछ।
- गाँउपालिकाको वडा नं ४ मा होम स्टे संचालनको लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ।
- सुनकोशी नदीमा र्याफ्टीङ्ग संचालनका लागि थप अध्ययन गरी संचालन गरिनेछ।

## ➢ उद्योग तथा बाणिज्यः-

- गोलन्जोर गाँउपालिका वडा नं ६ वलेनिमा औद्योगिकग्राम स्थापना गरिनेछ ।उक्त औद्योगिक ग्राममा उद्योग स्थापना गर्न चाहने उद्योगीलाई विशेष सहुलियत कार्यक्रम संचालन गरिनेछ ।
- गाँउपालिका भित्र संचालनमा रहेका हाट बजार लाई व्यवस्थित रुपमा संचालन गरिदैं लगिने छ ।
- गाउँपालिका भित्र संचालनमा रहेका लघु तथा घरेलु उद्योग लाई प्रवर्द्धन एवम प्रोत्साहन गरिने छ ।
- सुपथ मूल्य पसल संचालन गर्न ईच्छुक सहकारीलाई विशेष सहुलियत दिने निति लिईने छ ।
- बेरोजगार युवा, वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने सिपमूलक तालिम को व्यवस्था गरिने छ ।
- स्थानीय तहमा उत्पादित हुने बस्तुहरुको अध्ययन गरी उद्योगीकरण गरिनेछ।

## ➢ सहकारीः-

- सहकारी संस्थालाई मर्यादित, व्यवस्थित र विश्वसनीय बनाउन नियमित अनुगमन कार्यलाई जोड दिईनेछ।
- सहकारी मार्फत कृषि तथा पशुपालनको क्षेत्रमा लगानी अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ।
- सहकारीको माध्यमबाट महिलाहरुको क्षमता विकास, सशक्तिकरण तथा आय आर्जनसंग सम्बन्धित कार्यक्रम संचालन गरिनेछ।
- सहकारी संस्थाहरुलाई सहकारी विभागद्वारा विकास गरिएको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा आबद्ध गरिनेछ।
- सहकारी संस्थाका संचालक तथा कर्मचारीहरुका लागि तालिम, अन्तरक्रिया, अभिमुखिकरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- सहकारीहरुलाई एकिकृत गरी नियमानुसार संचालन गरिनेछ।
- कृषि सहकारीहरुमा वीउ पुँजी कार्यक्रम संचालन गरिनेछ।

## ➢ श्रम तथा रोजगारः-

- एकिकृत श्रम तथा रोजगार सेवा मार्फत नागरिकलाई ब्यवसायिक सिप विकास, रोजगार प्रबर्द्धन, उत्पादनशिल रोजगारी सिर्जना, उद्यमशिलता प्रबर्द्धन आप्रवासन लगायत श्रम तथा रोजगार सम्बन्धी सेवा तथा सुबिधा स्थानीय तहबाट नै एकिकृत रुपमा नै प्रदान गर्न शुरु गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान भन्ने मुल नाराका सबै किसिमका काम गर्ने श्रमिकलाई सम्मान गर्ने संस्कारको विकास गरिनेछ ।
- गोलन्जोर गाउँपालिका भित्र बसोबास गर्ने विपन्न तथा गरिबहरुको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरिने छ ।
- बेरोजगार जनशक्तिको शैक्षिक योग्यता ,प्राविधिक दक्षता ,इच्छा र अवस्थाको आधारमा उचित तालिम र अवसर प्रदान गरी रोजगारीको अवसर सृजना गरिने छ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको तथ्याङ्क संकलन गरी सिपमूलक तालिम को व्यवस्था गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी बनाउने निति लिईने छ ।
- गरिब श्रमिक र मजदुर ले कुनै व्यवसाय गर्न चाहेमा आवश्यक तालिम का साथै व्यवसाय संग सम्बन्धित उपकरण तथा प्रविधि प्रदान गरिने छ ।

- श्रम स्वीकृती र पुन श्रम स्वीकृतिको सहजिकरणको कार्यलाई स्थानीय तहबाट नै गरिनेछ ।

## २. सामाजिक विकासः-

### ➢ शिक्षा

- गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा इ-पुस्तकालय, विज्ञान प्रयोगशाला, स्वच्छ पिउने पानी , अन्य शैक्षिक सामाग्री तथा कम्प्युटर कक्ष को व्यवस्था गरिनुका साथै सवै विद्यालयहरुमा इ- हाजिरी प्रयोगमा ल्याइनेछ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट माध्यमिक शिक्षा परीक्षा (SEE)मा उत्कृष्ट अंक ल्याइ प्रथम हुने विद्यार्थीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ।
- आर्थिक अभावमा पढाइबाट बन्चित हुन नपर्ने नीति लिइनेछ, अति विपन्न, उत्कृष्ट तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- शैक्षिक क्यालेन्डर र विद्यालय सुधार योजनानिर्माण गराई योजनामुताविक विद्यालयहरुलाई काम गराइदै विद्यालय तथा शैक्षिक सुधार गरिने छ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रत्येक वडामा शैक्षिक सुधार अभियान चलाइ माध्यमिक तथा आधारभूत तहको नतिजा एवम समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ।
- विद्यालयहरुलाइ सूचना प्रविधिमैत्री बनाउदै शिक्षण सिकाइमा प्रविधि प्रयोगमा जोड दिइनेछ।
- संघ-प्रदेश सरकार तथा गैर सरकारी संस्था को सहयोग तथा साझेदारिमा विद्यालय भवन, खानेपानी, शौचालय एवं अन्य आवश्यक भौतीक पुर्वाधारको निर्माण गरिनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण तयार गरी लागू गरिनेछ।
- सवै विद्यालयहरुमा इन्टरनेटको व्यवस्था मिलाइने छ।
- गाउँपालिका भित्र संचालनमा रहेका निजि विद्यालयले १० प्रतिशत विद्यार्थी निःशुल्क पढाउने नीतिलाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याइने छ।
- प्रत्येक गाउँसभा सदस्यहरुलाइ विद्यालयको भाग लगाईने छ।ति विद्यालयको गुणस्तर सुधारको लागि जिम्मेवार लिएका जनप्रतिनिधि स्वयम जिम्मेवार ढंगले लाग्नु पर्ने नीति लिईनेछ।
- सामुदायिक विद्यालयको प्रणालीगत सुधार गरी अभिभावकहरुलाई जिम्मेवारी बनाई विद्यालयप्रतिको अपनत्वमा सुधार गरिने छ ।
- कम विद्यार्थी भएका विद्यालयहरु छनौट गरी सरोकारवालाहरुको सहमतीमा विद्यालयको समायोजन कार्यलाई अघि बढाइनेछ।
- गाउँपालिका भित्रका विद्यालयहरुको सहभागितामा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गरिनेछ।
- शिक्षकहरुको क्षमता विकास गर्न तालिम कार्यक्रम संचालन गरिनेछ।

### ➢ युवा तथा खेलकुदः-

- हरेक वडामा एक व्यवस्थित खेलकुद मैदान निर्माण गरिनेछ।
- अध्यक्ष कप/उपाध्यक्ष कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिनेछ।
- आवश्यक कार्यविधि तयार गरि युवा स्वरोजगार कोष स्थापना र संचालन गरिने छ ।
- उपाध्यक्ष विशेष कार्यक्रम मार्फत युवालाई सिपमुलक तालिम संचालन गरिने छ।

- गाउँपालिकामा एउटा खेलकुद एकेडेमी निर्माण गरिने छ ।
- गाउँपालिका भित्रका मा.वि. विद्यालयहरुमा खेल शिक्षकको व्यवस्थापन गरिनेछ।
- स्थानीय स्तरमा रहेका विभिन्न विधाका खेलाडीको पहिचान गरी विभिन्न कार्यक्रम मार्फत पुरस्कृत गरिनेछ।

➢ **स्वास्थ्य तथा आयुर्वेदः-**

- आधारभूत स्वास्थ्य सेवामा गरिब तथा विपन्न वर्गका जनताको पहुँच सुनिश्चता गर्न अति विपन्न, असायअशक्त, अपाङ्ग ,जेष्ठनागरिक, एकल महिला तथा गरिब मजदुर वर्गहरुलाई प्रदान गरिएको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई थप निरन्तरता दिईनेछ।
- **"एक गाउँपालिका एक अस्पताल"** को अवधारणा अनुसार गोलन्जोर गाँउपालिका वडा न ३ ग्वाल्टारमा गैर सरकारी संस्थाको सहयोगमा सुविधा सम्पन्न स्तरको अस्पतालको निर्माण प्रक्रिया शुरु गरिसकिएको छ।
- गैर सहकारी संस्थाहरुको सहयोगमा गोलन्जोर गाँउपालिकाका सबै वडाहरुमा क्रमशः भौतिक पूर्वाधार सहितको सुविधा सम्पन्न युक्त स्वास्थ्य चौकीहरुको निर्माण प्रक्रिया यसै वर्ष बाट प्रारम्भ गरिनेछ।
- एकिकृत घुम्ती सेवा मार्फत निःशुल्क रुपमा स्वास्थ्य शिविरहरु संचालन गरिनेछ।
- सामुदायिक स्वास्थ्य ईकाईहरुमा थप भौतिक पूर्वाधारहरु निर्माण गरिदै लगिनेछ।
- महिला स्वयमसेविका तथा स्वास्थ्य कार्यकर्ता लाई सम्मान एवम प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।
- वालवालिकाहरुको वृद्दी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।
- प्रत्येक स्वास्थ्य चौकीहरुमा स्तनपान कक्ष स्थापना गरिनेछ।
- भैपरि आउने माहामारी तथा आकस्मिक रोग नियन्त्रणका लागि आवश्यक बजेट को व्यवस्थापन गरिनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधार, औषधी, तथा जनशक्ति को व्यवस्था गरिनेछ।
- हाल संचालनमा रहेको एम्बुलेन्स सेवालाइ अझ प्रभावकारि बनाउन थप सुविधा सहितको एम्बुलेन्स सेवा संचालनमा ल्याइनेछ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिक कार्यक्रम संचालन गरिनेछ।
- वर्थिंङ्ग सेन्टरमा वा स्वास्थ्य संस्थामा प्रसुति भएका सुत्केरी आमा र वच्चा दुवैको स्वास्थ्य सुरक्षा तथा पोषण अवस्थाको अभिवृद्धि गर्न **आमालाइ खाना, वच्चालाई नाना** कार्यक्रम गरिनेछ।
- **अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम ल्याइनेछ।**
- गोलन्जोर गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा निशुल्क आँखा शिविर संचालन गरिने छ।
- ब्लड बैंक सँग समन्वय गरी सुत्केरी हुँदा चाहिने रगत आवश्यक परेमा निशुल्क व्यवस्थापन गरिनेछ।

➢ **खानेपानी तथा सरसफाईः-**

- खानेपानी मुहान दर्ता कार्यक्रम संचालन गरिनेछ।
- पानीको स्रोत संरक्षण गर्न स्रोत वरिपरी वृक्षारोपण गर्ने कार्य गरिनेछ।
- दिगो विकास लक्ष्य अन्तर्गत सबैका लागी स्वच्छ खानेपानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्न गाउँपालिकाबासी लाई स्वच्छ र सफा खानेपानी आपूर्ति गराउन सरकारी तथा गैर सरकारी संस्था संगको समन्वय र साझेदारीमा **एक घर एक धारा** कार्यक्रम संचालन गरिनेछ।

- सरकारी तथा गैर सरकारी संस्था को सहयोगमा गोलन्जोर गाउँपालिकाको वडा नं १, ३ र ४ मा खानेपानी आयोजनाको निर्माणकार्य यसै वर्ष बाट शुरु गरिनेछ।
- पराम्परागत ढुङ्गेधारा, पधेंरा, कुवा, र खोला खोल्साको पानी संरक्षण गर्ने नीति लिइनेछ।
- खानेपानीको चरम अभाव रहेका क्षेत्रहरुमा सुनकोशी लगायतका नदीहरुबाट डिप वोरिङ्ग तथा लिफ्ट प्रणालीबाट पिउने पानीको व्यवस्थापन गरिनेछ।

## ➢ <u>महिला बालबालिका तथा जेष्ठ नागरिकः-</u>

- बालबालिकाको सहभागितामा वृद्धि ल्याउन र बालबालिकाको माग सम्बोधन गर्न गाउँपालिका स्तरीय बाल भेला आयोजना गरिनेछ।
- प्रत्येक विद्यालयमा बाल क्लव गठन गरिनेछ।उक्त बाल क्लवहरुलाई सक्रिय बनाउँदै विभिन्न क्षेत्रहरुमा बाल सहभागिता सुनिश्चित गरिनेछ।
- हिंसाबाट पिडित बालबालिका र सडक बालबालिकालाई आवश्यक स्वास्थ्य उपचार, संरक्षण र उचित शिक्षाका लागी आवश्यक पहल गरिनेछ।
- असहाय एकल महिलालाई विशेष प्राथमिकता दिई जिविकोपार्जनका लागि आवश्यक व्यवस्था गरिनेछ।
- महिला, बालबालिका, दलित, अल्पसंख्यक र पिछडिएका वर्ग प्रति हुने सवै प्रकारका भेदभाव, हिंसा, शोषणको अन्त्य गर्न वडा स्तरीय र प्रत्येक माध्यमिक विद्यालयहरुमा सचेतनामूलक कार्यक्रमका साथै आवश्यक सहयोग गरिनेछ।
- बालविवाह न्युनिकरण सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- बालबालिका संग सम्बन्धित विभिन्न बाल सहभागितामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ।
- अपाङ्गता भएका विपन्न व्यक्तिहरुलाई सहज जीवनयापनका लागि अपाङ्गता सहायता सामाग्री जस्तै लठ्ठि, ह्वील चियर, दुईपाङ्ग्रे सवारी जस्ता सहायता सामाग्री वितरण गरिनेछ।
- अपाङ्गता भएका विपन्न व्यक्तिहरुलाई आय आर्जनका लागि सिपमूलक तालिम को व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिक प्रति हुने दुर्व्यवहारलाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- जेष्ठ नागरीकलाई एम्बुलेन्स सेवामा छुटको व्यवस्थापन गरिनेछ।
- गाउँपालिका भरिका अपाङ्गता भएका जेष्ठ नागरिकहरुलाइ सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ।
- खोज अभियान्ता भिम बहादुर थापा स्मृति प्रतिष्ठान स्थापना गरी सामाजिक जागरण अभियान संचालन गरिनेछ।

## ➢ <u>कला तथा संस्कृती प्रवर्द्धन र लैङ्गिक समानता</u>

- पञ्चेबाजा संरक्षण तथा खरिद कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- आरन व्यवसायलाई आधुनिक रुपमा प्रवर्द्धन गरिनेछ।
- विभिन्न जातजातीले बुन्दै आएको घरायसी प्रयोजनका सामाग्रीहरुलाई संरक्षण गरी लोपहुन नदिन विभिन्न तालिम तथा प्रवर्द्धनका कार्यक्रमहरु ल्याइनेछ
- हायु जातिको भाषा संरक्षण तथा हायु संग्राहलय निर्माणका लागी आवश्यक पहल गरिनेछ।
- विभिन्न जातजाति संग्राहालयको निर्माण गरिनेछ।
- गाउँपालिका भित्र रहेका विभिन्न मातृभाषाहरु संरक्षण गरिनेछ।
- गाउँपालिका भित्र रहेका विभिन्न जाती समुदायहरुको कला संस्कृती संरक्षण गरिनेछ।

- गाउँपालिका भित्र रहेका राज्यको हरेक अंग तथा संयन्त्रमा महिला, आदिबासी जनजाती ,दलित ,अपाङ्ग ,गरीव, पछाडी परेका तथा पारिएका बर्ग , सिमान्तकृत समुदायको हितको लागी बिशेष कार्यक्रम ल्याइ  आयआर्जन ,क्षमता बिकास मार्फत शसक्तिकरण गर्ने नीति ल्याइने छ।
- गोलन्जोर गाउँपालिकाको सन्देश जातीय छुवाछुतको पुर्ण बन्देज को नारालाई अनुसरण गर्दै जातिय उत्थान तथा शशक्ति करण ऐन बनाई आयआर्जन मुलक र सिपमूलक कार्यक्रम टोल-टोलमा संचालन गरिनेछ।
- प्रत्येक बर्ष जेष्ठ २१ लाई जातीय छुवाछुत उल्मुलन दिवस विभिन्न कार्यक्रम गरी मनाइने छ।

## ३. पूर्वाधार विकासः-

- **सडक तथा पुल**

- गोलन्जोर गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाइ क्रमशः सोलिङ, नाला र ग्राभेल गरी स्तरोन्नति गर्दै लगिनेछ साथै नया सडक निर्माण गर्दा अनिवार्य रुपमा ढल निर्माण गर्ने नीति लिइनेछ।
- गाउँपालिका भित्रका सडक निर्माण गर्दा निर्माणाधिन सडकको दिगोपनका लागी वायोइन्जिनियरिङ्ग प्रणाली अपनाइने छ।
- भौतिक पुर्वाधार विकाससँग सम्बन्धित सम्पुर्ण निर्माण कार्यहरु गुणस्तरीय तवरले सम्पन्न हुने गरी ल्याबलाई आवश्यक उपकरणहरु र जनशक्ती व्यवस्थापन गरी पुर्ण रुपमा सञ्चालनमा ल्याइनेछ ।
- प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुलाई पुर्वाधार विकासको क्षेत्रसँग सम्बन्धित सम्पुर्ण संरचनाको डिजाइन, इष्टिमेट, गुणस्तर मापन आदीमा दक्ष बनाउने गरी आवश्यक्ता अनुसार तालिम तथा क्षमता विकासमा जोड दिइनेछ ।
- गोलन्जोर गाउँपालिका भित्र रिङ्गरोड निर्माणको अवधारणा ल्याइनेछ।

- **सिंचाई, भवन तथा सहरी विकासः-**

- कृषियोग्य जमिनमा कुलो, पैनी, लिफ्ट तथा नहर मार्फत बाह्रै महिना सिंचित हुने व्यवस्था मिलाईनेछ।
- वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माण र मर्मत गरिनेछ।
- हरेक घाटहरुमा मलामी विश्राम स्थल र शौचालय निर्माण गरिनेछ।
- गोलन्जोर गाउँपालिका भित्रका मूख्य तथा भित्रि सडकहरुको मापदण्ड अनुसार घर, संरचना, बनाउन सम्बन्धित समुदायहरुमा अनुशिक्षणको कार्यक्रम गरिनेछ।
- गाउँपालिका भित्रका मूख्य मुख्य स्थानका हाट बजारलाइ व्यवस्थित गरिनेछ।
- गाउँपालिका भित्रका ठूला ठूला योजनाहरुलाइ प्रदेश तथा संघीय सरकार संग समन्वय गरी सम्पन्न गरिनेछ।

- **भू उपयोग**

- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्याका लागि पालिका स्तरको भुमि आयोग गठन गरी राष्ट्रिय भुमि आयोग संग समन्वय गर्दै काम अगाडि बढाईने छ ।
- अव्यवस्थित बसोबासीलाई पालिका आफैले प्रमाण पत्रको ब्यवस्थापन गरी करको दायरामा ल्याईनेछ।

- **उर्जा तथा विद्युतः-**

- गाउँपालिका भित्रका विद्युत नपुगेका बस्तीहरुमा उच्च भोल्टेजको विद्युत लाइन विस्तार गरिनेछ।
- गाउँपालिका भित्र भएका गरिब तथा विपन्न नागरिकहरुलाइ निःशुल्क विद्युत मिटर वितरण गरिनेछ।
- गाउँपालिका भित्र रहेका काठे पोललाइ विस्थापित गरिनेछ।साथै अवस्थित विद्युतिय लाइनहरुलाइ व्यवस्थित गरिदै लगिनेछ।
- गाउँपालिकाका भित्रका मूख्य-मूख्य बजारहरुमा विद्युतिय चार्जिङ्ग स्टेशन निर्माणका लागि सम्बन्धित निकायसंग पहल गरिनेछ।

➢ **<u>सुचना तथा प्रविधिः-</u>**

- सुचना प्रविधि सम्बन्धी साइबर क्राइम न्यूनिकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय तहमा एकीकृत डिजिटल प्रोफाइल निर्माण गरिनेछ।
- डिजिटल नागरिक वडापत्रको शुरुवात गरिनेछ।
- नेपाल टेलिकमसंगको सहकार्यमा स्थानीय तहका सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा निःशुल्क रुपमा ब्रोडब्याण्ड इन्टरनेटको व्यवस्था गरिनेछ।
- सूचना प्रविधिसंग जनप्रतिनिधि र कर्मचारी को नवप्रवर्तन कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकामा व्यवसाय/ संघ संस्था र सहकारीहरुको दर्ता / सूचिकृत/ नवीकरण सम्बन्धीको एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको थालनी गरिनेछ।

## ४. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापनः-

➢ **<u>फोहोरमैला व्यवस्थापन</u>**

- फोहोरमैला व्यवस्थापनको लागि उपर्युक्त स्थान को छनौट गरि ल्याण्डफिल्ड साइडको निर्माण गरिने छ ।
- सार्वजनिक तथा महत्वपूर्ण स्थानहरुमा डष्टविनको व्यवस्था गरिने छ।
- सार्वजनिक स्थल तथा सडक किनारामा हुने खुल्ला दिशा पिसाव लाई अन्त्य गर्न उपयुक्त स्थानमा सार्वजनिकशौचालय निर्माण तथा व्यवस्थापन गरिनेछ।
- फोहोर मैला दिर्धकालिन व्यवस्थापनका लागी फोहोरमैला तथा सरसफाई कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

➢ **<u>वन तथा वातावरणः-</u>**

- बिश्व वातावरण दिवसको अवसरमा सप्ताव्यापी बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।
- बन जंगल जोगाइ वातावरण संरक्षण गर्नका लागि लोपहुन लागेको पोखरी तथा तलाउ संरक्षण गरिनेछ।
- डडेलो नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- सार्वजनिक जग्गाहरुको खोजी गरी संरक्षण गरिनेछ।
- डडेलो लगाउने व्यक्तिलाई दण्ड र सूचना दिने व्यक्तिलाई पुरस्कार कार्यक्रम ल्याइने छ।
- बन संरक्षण सम्बन्धमा सामुदायिक बन र कबुलियत बनको अबधारणालाई अबलम्वन गरिनेछ ।
- बाँदर नियन्त्रणका लागि वनजंगलमा फलफूल खेति गरिनेछ।

➢ **<u>विपद व्यवस्थापनः-</u>**

- गाउँपलिका स्तरीय विपद व्यवस्थापन समितिलाइ क्रियाशिल बनाइ प्रत्येक वडाबाट विपद स्वयमसेवी तयार गरी उक्त समूहलाइ उद्धार, राहत र पुर्नस्थापना सम्बन्धी तालिम दिइ परिचालन गर्न सक्ने सक्षम समूहको रुपमा विकास गरिनेछ।
- बिपद् पुर्व तयारीको लागी खाद्यन्न, लत्ता कपडा तथा अन्य राहतका सामाग्रीहरु तयारी अवस्थामा राखिनेछ।
- बिपद् प्रतिकार्य अभ्यास संचालन गरिने छ।
- खेतियोग्य जमिन कटान रोक्न खोला तटिय क्षेत्रमा तार जाली सहित जलधार संरक्षण बिशेष कार्यक्रम संचालन गरिने छ ।
- आपतकालिन खोज उद्धार, राहात पुनस्थापना र वेवारिसे शव व्यवस्थापनका लागी आवश्यक बजेट व्यबस्था गरिने छ ।
- विपद व्यवस्थापनका लागि गाउँपालिका स्तरीय र वडा स्तरीय गोदाम घर निर्माण गरिनेछ।

➢ **<u>सुशासन, संस्थागत विकास तथा सेवा प्रवाहः</u>**

- गाउँपालिका तथा मातहतका कार्यालयबाट हुने सेवा प्रवाहलाइ मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी , नतिजामुखिका साथै जनमुखी बनाउदै नागरिक मैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ।
- गाउँपालिका तथा मातहतका कार्यालयबाट हुने सेवा प्रवाहलाइ विद्युतिय माध्यमद्वारा संचालन गरिनेछ।सो का लागि आवश्यक पर्ने सफ्टवेयर खरिद तथा संचालनको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाको क्षेत्रभित्रका बजार अनुगमन गरी व्यवसाय दर्ता, नवीकरणलाइ कडाइ गरी सवै प्रकारका व्यवसायलाइ करको दायरामा ल्याइनेछ।
- नागरिकलाइ प्रत्यक्ष र नियमित सम्पर्क तथा सहयोग गर्न कार्यालयमा एक हेल्प डेस्क को स्थापना गरिनेछ।
- गाउँपालिका तथा मातहतका कार्यालयबाट हुने सेवा प्रवाहका सम्बन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरी जनता प्रति जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने कार्यलाइ व्यवस्थित गरिनेछ।
- आर्थिक सुशासन र पारदर्शिता कायम गर्न पेश्की तथा बेरुजु लाइ निरुत्साहित गर्दै लगिनेछ।
- गोलन्जोर गाउँपालिकामा हाल सम्म निर्मित सम्पुर्ण ऐन नियम कार्यविधी र मापदण्डहरुलाई आवश्यक्ता अनुसार परिमार्जित गरिनेछ र अन्य आवश्यक कानून निर्माण गरिनेछ ।
- अस्थायी करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधामा एक रुपता ल्याइनेछ ।
- अस्थायी करार प्रकृतिका कर्मचारीहरुको दुर्घटना बीमा गरिनेछ।
- गोलन्जोर गाउँपालिकालाई कार्यक्षेत्र बनाई पुर्वाधार निर्माण, स्वास्थ्य, शिक्षा, खानेपानी, पोषण, विपद, बालबालिका, कृषि तथा पशुपालन तथा जिविकोपार्जन जस्ता क्षेत्रमा काम गर्ने **ब्याक टु लाइफ इ.भि. जर्मनी**, वर्ल्ड भिजन, नेवा, प्लान नेपाल, सिड्स नेपाल, रिलिफ नेपाल, जनजाति समाज विकास कार्यक्रम, समुदाय पद्धति विकास सेवा सिन्धुली र नेपाल रेडक्रस सोसाइटी लगायतका सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

➢ **न्यायिक तथा मेलमिलापः-**

- न्यायिक समितिको सम्पूर्ण काम सफ्टवेयर मार्फत गरिनेछ।
- मेलमिलापकर्ता तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- न्याय सम्पादनलाइ प्रभावकारी बनाउन न्यायिक समिति पदाधिकारीहरुको भ्रमण मार्फत सिकाइ आदान प्रदान गरिनेछ।

➢ **<u>राजश्व परिचालनः-</u>**

- राजस्व संकलन अनलाइन प्रविधिबाट गरिनेछ।
- करको दर तथा दायरा विस्तार गरि राजस्व वृद्धि गरिनेछ।
- उत्कृष्ट करदाता सम्मान कार्यक्रम गरिनेछ।
- गाउँपालिकाको कर संकलन सप्ताह कार्यक्रम गरिनेछ।
- राजश्व परिचालन सम्बन्धी क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा गोष्ठिको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको क्षेत्र भित्र उत्पादित वस्तुहरुलाई निकासी करको दायरामा ल्याइने छ।

आदरणीय गाउँ सभाका सदस्य ज्यू हरु ,

समुन्नत र समृद्ध गोलन्जोर गाउँपालिकाको निर्माण को लागि फरक-फरक विचारधाराका जनप्रतिनिधिहरु, विकास साझेदार संस्थाहरु, पेशाकर्मी, नागरिक समाज, शिक्षक वर्ग, विद्यार्थी, संचारकर्मीहरु, सरकारीसंस्था, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, दातृ निकायहरु तथा श्रमिक वर्गरहरु हातेमालो गर्दै एक ढिक्का हुनुको कुनै विकल्प छैन तसर्थ सम्पूर्ण गोलन्जोर बासीको आकाङक्षालाइ पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८१/०८२ को नीति तथा बार्षिक कार्यक्रम पेश गरेको छु।यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान हुनेछ र कार्यान्वयन संगै गाउँपालिका को सम्रग विकासको आधारस्तम्भ खडा हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

र अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने सबै गाउँसभा सदस्य ज्यू हरु, सबै कर्मचारी मित्रहरु, संचारकर्मी मित्रहरु सबैलाइ हार्दिक आभार व्यक्त गर्दै सबैलाइ हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

शंकर राज बराल

अध्यक्ष